Panauti Journal
Volume 4, 2026
DOI: https://doi.org/10.3126/panauti.v4i01.98577 ISSN: 2990-7888 (Print) 2990-7896 (Online)

मैथिली विद्यार्थीको नेपाली भाषा सिकाइप्रतिको अभिप्रेरणा

दुर्गाप्रसाद दाहाल[१], सन्तोष कुमार काफ्ले[२]

१. उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं
२. शिक्षक, जगन्नाथ डेडराज जनता माध्यमिक विद्यालय, सुनसरी

लेखसार

मैथिली विद्यार्थीका नेपाली भाषासँग सम्बन्धित सिकाइप्रतिको स्वअभिप्रेरणात्मक धारणाका लागि लागि स्वसङ्कल्प सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनका लागि उद्देश्यमूलक वा सुविधायुक्त नमुना छनोट पद्धतिका आधारमा सुनसरी जिल्लाका तीनजना मैथिली मातृभाषी विद्यार्थीहरूलाई सहभागीका रूपमा छनोट गरिएको छ । यो अध्ययन क्षेत्रीय अध्ययन पद्धतिमा आधारित भएकाले सुनसरी जिल्लाभित्रका कोसी गाउँपालिकामा केन्द्रित रहेको छ । अध्ययनका लक्षित समूहमा छलफल, खुला प्रकृतिको अन्तर्वार्ता प्रयोग गरिएको छ । अध्ययनीय साधनबाट सङ्कलित शाब्दिक तथ्य शिक्षकहरू तथा प्राध्यापकहरूसँग छलफल तथा अन्तर्वार्ताका माध्यमबाट सत्यापन गरी विश्वसनीय र वैध बनाइएको छ । अध्ययनको ढाँचा कथनात्मक बनाइएकाले सुनसरीका मैथिली सहभागी विद्यार्थीसँगको कुराकानी, अन्तर्वार्ता र संवादलाई विशेष महत्व दिइएको छ । यसबाट प्राप्त तथ्यलाई थेमेटिक रूपमा प्रस्तुत गरिएको छ । यसमा तथ्यहरूको व्याख्या विश्लेषण वर्णनात्मक विधिद्वारा गरिएको छ । सुनसरीका मैथिली विद्यार्थीका भाषिक त्रुटिका कारणलाई स्वसङ्कल्प सिद्धान्तसँग जोडेर सिकाइप्रतिको अभिप्रेरणात्मक आधार खोजिएको छ । यसले स्वतन्त्रता (अटोनोमी), सामर्थ्य (कम्पिटेनशी) र सम्बन्ध (रिलेटनेश) लाई सिकाइ प्रक्रियासँगै जोड्दा सिकाइप्रतिको अभिप्रेरणात्मक आधार तयार भएको पाइएको छ । यसैले अध्ययनमा सुनसरीका मैथिली विद्यार्थीका लक्ष्य र स्रोत भाषाका भाषिक समानताले भाषा सिकाइलाई अभिप्रेरित गरेको, आन्तरिक अभिप्रेरणा (इच्छा, चाहना, मनोवृत्ति र अभिवृत्ति) ले स्तरीय नेपाली उच्चारण र वाक्य सिकाइप्रति अभिप्रेरणा जगाएको स्वीकारिएको छ । सुनसरीका मैथिली विद्यार्थी शिक्षणीय विधि, अन्य भाषाप्रतिको झुकाब र रुचिबाट पनि सिकाइमा अभिप्रेरित भएको पाइएको छ ।

शव्दकुञ्जी: धार्मिक पर्यटन, पलाञ्चोक भगवती, स्थानीय अर्थतन्त्र, सामुदायिक सहभागिता, दिगो सामुदायिक विकास

Manuscript Received	Accepted	Final Revision
25 May, 2026	20 June, 2026	14 August, 2026

*D.P. Dahal (123durgadahal@gmail.com; https://orcid.org/0009-0003-0816-8844)
*S.K. Kafle (santoshkumarkafle@gmail.com)

© Authors; Published by Panauti Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

विषय प्रवेश

आजको विश्वव्यापीकरण युगमा भाषिक व्यवहार र सामाजिकीकरणमा सहभागी हुन दोस्रो भाषा सिकाइ आवश्यक हुन्छ । भाषा विकासको माध्यम ज्ञान आर्जन तथा हस्तान्तरण हो (चौलागाई, २०७९, पृ. १) । यसरी ज्ञान विज्ञानको नौलो संसारमा घुलमिल भई सहजै ज्ञान, सिप र अभिवृत्ति हस्तान्तरणको माध्यम दोस्रो भाषा बनेको हुन्छ । नेपाली भाषा नेपालभरि सञ्चार हुने सरकारी कामकाजको प्रभावशाली माध्यम भाषा हो । नेपालको संविधान, २०७२ अनुसार यसलाई दफा ७ (१) मा सरकारी कामकाजको भाषा र राष्ट्रभाषाका रूपमा स्वीकारिएको छ । नेपालकै संविधानमा नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाका रूपमा मान्यता (नेपालको संविधान, २०७२, पृ.२) दिइएको छ । त्यसैले संवैधानिक रूपमा नेपाली र मैथिली भाषालाई राष्ट्रभाषा मानिएको हुँदा यसको सिकाइ आवश्यक मानिन्छ । नेपालमा विभिन्न भाषा परिवारका मानिसहरू बसोबास गर्दै आएका छन् । यहाँ, पोखरेल (२०५५) ले गरेको अध्ययनमा भारोपेली, भोटबर्मेली, आग्नेली र द्रवीड गरी चारओटा भाषा परिवारहरू रहेको उल्लेख भएको छ (पृ. ८९) । नेपाल परिचय (२०८२) ले नेपालका बोलिने भाषा परिवारअन्तर्गतका भाषाहरूमा भारोपेली परिवार (नेपाली, थारू, मैथिली, भोजपुरी), चिनियाँ तिब्बती परिवार (तामाङ, नेवार, राई, मगर), आग्नेय परिवार (सतार, सन्थाल, अडिया), द्रविड झँगड, धाँगड) परिवार र अन्य (खालिङ, डोटेली) भनेर उल्लेख गरेको छ (पृ.२४६-२४७) । यसरी हेर्दा मैथिली भाषा भारोपेली परिवारअन्तर्गतको भाषा हो । नेपालमा सबभन्दा बढी भारोपेली परिवारका भाषाहरू बोलिँदै आएको पाइन्छ । मैथिली भाषा भारोपेली परिवारअन्तर्गत पर्ने आर्य भाषा हो (अधिकारी, २०७८, पृ.२९६-३००) । यो भाषाको सम्बन्ध नेपाली, थारू, भोजपुरी, अवधि, कुमाल, दनुवार, राजवंशी भाषासँग नजिकको रहेको छ ।

नेपालको दोस्रो ठुलो जनसङ्ख्याले बोल्ने भाषा मैथिली हो । नेपालको जनगणना, २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको ११.०५ प्रतिशत जनसङ्ख्याद्वारा मैथिली भाषा बोलिन्छ । नेपालमा मैथिली भाषी वक्ताको सङ्ख्या ३२,२२,३८९ रहेको छ । यसमध्ये नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्नेको सङ्ख्या १,३४,८२,९०४ (४६.२३) रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७९, पृ.१०३-११३) । यसरी हेर्दा दोस्रो भाषाको रूपमा नेपाली बोल्ने मैथिली भाषीको सङ्ख्या २६७६२१ (०.९ प्रतिशत) रहेको हुँदा नेपालमा मैथिली विद्यार्थीलाई स्तरीय नेपाली भाषाको सिकाइ आवश्यक छ । नेपाली भाषा अध्ययन गर्ने मैथिली भाषी विद्यार्थीको मनोविज्ञानका सम्बन्धमा हालसम्म कुनै अनुसन्धान नभएकाले यो अध्ययन सान्दर्भिक रहेको छ । यस अध्ययनमा मैथिली भाषी विद्यार्थीको नेपाली भाषा सिकाइ, नेपाली भाषा सिकाइ क्रममा रहेका भाषिक समस्या र सिकाइमा अभिप्रेरित हुने मनोवैज्ञानिक र संज्ञानात्मक प्रक्रियालाई एकीकृत रूपमा प्रस्तुत गरिएको हुनाले यो अध्ययन व्यावहारिक तथा औचित्यपूर्ण बनेको छ ।

भाषा सिकाइमा अभिप्रेरणा आवश्यक पक्ष हुन्छ । स्कीनर (सन् १९५७) ले *भर्बल विहावियर* पुस्तकमा भाषा सिकाइ पुनर्बल तालिकाको आधारमा हुने तर्क प्रस्तुत गरेका छन् । पौडेल (२०८०) ले भाषा सिकाइमा अभिप्रेरणालाई अध्ययन गरे पनि अन्तरभाषा सिकाइसँग अभिप्रेरणालाई जोडेर कुनै पनि अध्ययन नभएकाले अध्ययनीय विषय सान्दर्भिक रहेको छ । प्रस्तुत अध्ययनमा मैथिली भाषी विद्यार्थीले किन भाषिक त्रुटि गर्दछन् र सिकाइप्रति कसरी अभिप्रेरित हुन्छन् ? भन्ने प्रश्नलाई अनुसन्धानको प्रश्नका रूपमा समेटिएको छ । प्रस्तुत शोधका उद्देश्य मैथिली भाषी विद्यार्थीको नेपाली भाषा सिकाइप्रतिको स्वअभिप्रेणासम्बन्धी धारणाको मूल्याङ्कन गर्नु रहेको छ । सिकाइमा अपेक्षित उपलब्धि हासिल नहुनु भनेको उनीहरूलाई नेपाली भाषा सिकाइप्रति अभिप्रेरणा जगाउन नसक्नु हो । भाषा सिकाइको वातावरण निर्माण गर्न नसक्दा भाषिक त्रुटि हटाउन नसकिने हुँदा एस्से युके (सन् २०१३) ले भनेझैं सिकाइमा प्रयास र मनोवृत्तिले सिकाइलाई सफलतातिर लैजान्छ, यो सफलताको मुख्य स्रोत अभिप्रेरणा हो (पृ.१५) । यसले गर्दा दोस्रो भाषा सिकाइमा

अभिप्रेरणात्क पक्षका आधारमा सिकाइ प्रक्रियाको खोजी गर्नु औचित्यपूर्ण मानिन्छ । मैथिली विद्यार्थीको अभिप्रेरणसम्बन्धी धारणाको मूल्याङ्कनलाई सिकाइका लागि उपयोगी भएको बुझिन्छ । अभिप्रेरणालाई सिकाइ प्रक्रियाको विश्लेण गर्ने आधार मानिन्छ । सिकाइमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षले असर पार्ने बुझिन्छ । यसले गर्दा दोस्रो भाषाका उच्चारण र वाक्यगत त्रुटिलाई कोनर (सन् १९९६) ले सांस्कृतिक भिन्नताको अभिव्यक्तिका रूपमा विश्लेषण गर्न सकिने (पृ. ५) बताएका छन् ।

प्रस्तुत अध्ययनले मैथिली मातृभाषी विद्यार्थीहरूलाई दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइमा अभिप्रेरणा जगाएको छ । यसैले नेपाली भाषाको सिकाइमा अभिप्रेरणा जगाउन भाषिक वातावरण र भाषिक संरचनाले सुविधा प्रदान गरेको हुन्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ । अभिप्रेरणासँग सम्बन्धित यस किसिमको अध्ययनबाट सिकाइ सहजता अर्थात् सुविधाको वातावरण सिर्जना हुने हुँदा यो अध्ययन उपयोगी रहेको देखिन्छ । प्रस्तुत अध्ययनको समस्यामा रहेर अध्ययन पूरा गर्न सिकाइलाइ स्वअभिप्रेरणासँग जोड्दै स्वसङ्कल्प सिद्धान्तको सैद्धान्तिक मान्यता स्वायत्तता, सक्षमता र सम्बन्धका आधारमा एकीकृत रूपमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा मैथिली विद्यार्थी र नेपाली विषय शिक्षकका धारणालाई थेमेटिक रूपमा कथनात्मक ढाँचामा प्रस्तुत गर्ने गरी परिसीमा निर्धारण गरिएको छ ।

अध्ययन विधि

अध्ययनको ढाँचा कथनात्मक बनाइएको छ । अध्ययनमा अन्तर्वार्ता र लक्षित समूह छलफललाई उपकरणका रूपमा समावेश गरिएको छ । यसबाट प्राप्त तथ्यलाई थेमेटिक रूपमा प्रस्तुत गरिएको छ । तसर्थ यहाँ गुणात्मक अनुसन्धानअन्तर्गत पर्ने वर्णनात्मक विधिको प्रयोग गर्दै विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । गुणात्मक अनुसन्धानमा घटनाको गहन अध्ययन गरिने हुँदा घटनाको गुणस्तर पक्ष समावेश गरिने हुँदा घटनाको वास्तविकता बुझाउन सक्ने (युगमा र युएच, सन् २०२३, पृ. २०) क्षमता पाइन्छ । व्यक्तिगत रूपमै कुराकानी तथा छलफलका क्रममा सूचकद्वारा व्यक्त विचार तथा भनाइलाई कथनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । कथनात्मक ढाँचा व्यक्तिको कथावाचन गर्ने पद्धति जस्तै हो, यसमा व्यक्तिद्वारा अभिव्यक्त भनाइलाई आधार बनाएर यथार्थपरक अध्ययन गरिन्छ । सुनसरी जिल्लाको कोसीका मैथिली विद्यार्थीका कक्षाकोठामै पुगेर सहभागी विद्यार्थी र शिक्षकका धारणा, विचार र बुझाइका आधारमा सिकाइमा अभिप्रेरित हुने प्रक्रियालाई कथनात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक पर्याधार

मनोवैज्ञानिक सिकाइ सिद्धान्तले अभिप्रेरणाका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अङ्ग्रेजी शब्द 'मोटिभेसन' को नेपाली रूपान्तरण अभिप्रेरणा हो । कामप्रति व्यक्तिलाई उत्साहित, क्रियाशील र प्रयत्नरत बनाउने तत्त्व अभिप्रेरणा हो । यो कामप्रति अभिप्रेरित गराउने शक्ति हो । यो अभिप्रेरणासम्बन्धी सिद्धान्त (सन् १९५४) मनोवैज्ञानिक अब्राह्म मास्लोले प्रतिपादन गरेका हुन् । मास्लोले अभिप्रेरणाको श्रृङ्खलालाई प्रस्तुत गरेका छन् (पौडेल, २०८०, पृ.२०) । उनको यस श्रृङ्खलामा मानिसका आधारभूत र अभिवृद्धि आवश्यकताका कारणबाट मानिस निश्चित कार्यतर्फ अभिप्रेरित हुने कुरा देखाइएको छ (शर्मा एन्ड शर्मा, २०७३, पृ. २५०) । भाषा सिकाइमा अभिप्रेरणाका सिद्धान्तहरूमध्ये प्रस्तुत अध्ययनमा डेसी र रायन (१९८५) को स्वसङ्कल्पको सिद्धान्तलाई मुख्य आधारका रूपमा लिइएको छ । उनले यस सिद्धान्तको व्याख्या *इनटिनसिक मोटिभेसन एन्ड सेल्फ डिटर मिनेसन इन हुमन वियेवियर* भन्ने पुस्तकमा गरेका छन् । डेसी र रायन (सन् २०१७) ले अभिप्रेरणाका लागि सिकारुको व्यक्तिगत स्वतन्त्रता (अटोनोमी), सामर्थ्य (कम्पिटेन्सी) र सम्बन्ध (रिलेटनेस) लाई मनोवैज्ञानिक आवश्यकतासँग जोडेका छन् । स्वायत्तता अर्थात् स्वतन्त्रताको सम्बन्ध अभिरुचिसँग रहेको हुन्छ । यसमा सिकारु आफ्ना कार्यप्रति आफैँ उत्प्रेरित भई सिक्ने गरेको

पाइन्छ । यसले आत्मप्रशंसालाई जोड दिने गरेको देखिन्छ । यसमा आफ्ना व्यवहारहरूलाई नियन्त्रण गर्दै रुचिअनुसारका क्रियाकलाप छनोट गर्न निर्णय गर्ने अवसर दिइन्छ । अतः यसले स्वनिर्देशित सिकाइलाई जोड दिएको पाइन्छ । यसमा सिकारुलाई सिकाइको विषयवस्तु छनोट गर्ने तथा निणय गर्ने अवसर दिइन्छ । यसले विद्यार्थीलाई सिकाइप्रति प्रोत्साहित गर्दछ (डेसी र रायन, सन् २०१७, पृ. १०४) । यसले विद्यार्थीहरूले स्वतन्त्र रूपमा आत्मनिर्णय गर्न पाउँदा सिकाइप्रति अभिप्रेरित हुने तर्क राखेको देखिन्छ । यसले विद्यार्थीलाई स्वनिर्णयका आधारमा स्वतन्त्र रूपमा सिकाइको वातावरण दिनु पर्दछ भन्ने मान्यता राखेको देखिन्छ ।

भाषा सिकाइमा भाषिक सामर्थ्य अभिप्रेरणाको अर्को महत्त्वपूर्ण पक्ष हो । विद्यार्थीको भाषिक क्षमताले भाषा सिकाइलाई अभिप्रेरित गर्दछ । यसका लागि वातावरणसँग अन्तरक्रिया गर्न सक्ने क्षमता आवश्यक हुने तर्क राखिएको छ (डेसी र रायन, सन् १९८५, पृ. ६१) । यसरी विद्यार्थीलाई भाषा सिकाउँदा भाषिक क्षमताअनुसारको कार्य दिन सक्दा सिकाइप्रति अभिप्रेरित हुने गर्दछन् । सिकाइ चरणबद्ध प्रक्रिया भएकाले भाषिक सामर्थ्यले सिकारु सिकाइमा अभिप्रेरित हुने तर्क गरिएको छ । यसैले विद्यार्थीलाई धेरै गाह्रो कार्य दिनुभन्दा पनि उनीहरूको क्षमताअनुसारका कार्य दिँदा सिकाइप्रति अभिप्रेरित भई सिकाइ हुने मान्यता रहेको छ । अतः यसमा पर्याप्त अभ्यास र पुनरावृत्तिको अवसर दिँदा सिकारु सिकाइप्रति प्रेरित हुने बुझिन्छ । सिकाइमा अभिप्रेरित गर्ने अर्को पक्ष सम्बन्ध वा आत्मीयता पनि हो । दोस्रो भाषा सिकाइमा शिक्षक र विद्यार्थीबिचको सम्बन्धले यसलाई प्रभाव पार्दछ । आत्मीयताले सिकारुका लागि सहयोगपूर्ण दण्डरहित बालमैत्री सिकाइ वातावरणलाई जोड दिएको हुन्छ । यसमा सिकाइ क्रियाकलापका रूपमा समूह कार्य र जोडी कार्यलाई जोड दिएको हुन्छ । यसमा *स्वसङ्कल्प सिद्धान्तको सिकाइ अन्तरसम्बन्ध*लाई निम्नानुसार प्रस्तुत गरिएको छ :



आरेख १ *स्वसङ्कल्प सिद्धान्तको सिकाइ अन्तरसम्बन्ध*

उल्लिखित आरेखमा सिकाइ समस्या समाधानमा स्वसङ्कल्प सिद्धान्तलाई स्वअभिप्रेरित हुने प्रक्रियाको खोजिमा केन्द्रित गरिएको छ । समुचित रूपमा अभिप्रेरणाको अभावमा अपेक्षित उपलब्धि हासिल गर्न अभिप्रेरित गर्न नसकिने बुझिन्छ । यसले स्वसङ्कल्पका स्वायत्तता, सक्षमता र सम्बन्धका मनोवैज्ञानिक आधारलाई सिकाइमा जोड्ने कुरा गर्दछ ।

विद्यार्थी आफूले समस्याका कारण पहिचान गरी सिकाइप्रति स्वअभिप्रेरित हुँदा यस सिद्धान्त दोस्रो भाषा सिकाइमा अत्याधिक रूपमा फलदायी हुने बुझिन्छ । लोरेन्स (सन् १९९०) ले त्रुटिलाई संज्ञानसँग मात्र जोडेर अध्ययन गर्दा मनोवैज्ञानिक पक्षको उपेक्षा गर्दा व्याख्या अपूर्ण हुने हुँदा मनोवैज्ञानिक सिद्धान्तको रूपमा अभिप्रेरणाको सिद्धान्तको सैद्धान्तिक सम्बन्ध (पृ. ११) देखिएको छ । अभिप्रेरणासम्बन्धी धारणालाई अध्ययनीय विषयका रूपमा ग्रहण गरिएको छ।

नेपाली सिकाइप्रतिको अभिप्रेरणात्मक दृष्टिकोण

शिक्षक तथा विद्यार्थीद्वारा प्रस्तुत गरिएका धारणालाई संज्ञानात्मक र मनोवैज्ञानिक सिद्धान्तका विभिन्न थिममा रहेर एकीकृत रूपमा प्रस्तुत गरिएको छ । भाषा सिकाइका अभिप्रेरणात्मक आधारहरूमा भाषिक स्वरूप र संरचना, सिकारुको रूचि र लक्ष्य, शिक्षकको व्यक्तित्व, क्षमता र व्यवहार, शिक्षण प्रक्रिया, भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक र भाषिक वातावरणलाई प्रस्तुत गरिएको छ (पौडेल, २०७२, पृ.७) । प्रस्तुत अध्ययनमा मैथिली विद्यार्थीको सिकाइप्रतिको अभिप्रेणात्मक धारणालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सहभागीको भाषिक तथा सामाजिक पृष्ठभूमिसम्बन्धी धारणा

प्रस्तुत अध्ययनमा मैथिली विद्यार्थीद्वारा प्राप्त नेपाली भाषा सिकाइको वातावरणीय सेरोफेरो नै सिकाइ परिवेश हो । यसअन्तर्गत घरपरिवार, साथीसङ्गतदेखि विद्यालयीय वातावरणसम्मको परिवेशलाई समेटिएको छ ।

विद्यार्थी १ द्वारा 'श्री राष्ट्रिय माध्यमिक विद्यालय, कोसी -१, सुनसरीको कक्षा-७ मा पढेको, मातृभाषा मैथिली भएको र उनी कक्षा एकदेखि नै यसै विद्यालयमा पढेको' बुझिएको छ । उनले घरमा सबै सदस्य नेपाली बोल्ने कुरालाई यसरी बताएका छन् : *हजुरआमा भने मातृभाषामा मात्र बोल्छ । उहाँ पनि नेपाली बुझ्न चाहिँ बुझ्छ । मेरो बुवाआमा पनि घरमै बस्छ । परिवारमा सबै नेपाली भाषा बोल्ने हुँदा प्राय नेपाली भाषामै कुरा गर्ने गर्छ ।*

यसरी मैथिली भाषी विद्यार्थी १ को घरपरिवारको वातावरण नेपालीमैत्री भएको पाइएको छ । यसरी नेपाली भाषा सिकाइमा वातावरणीय परिवेशका कारण रूचि जागेको बताएका छन् । नेपाली भाषिक वातावरणीय पृष्ठभूमि प्राप्त भएकै कारण डेसी र रायन (सन् २०१७) को सम्बन्ध (रिलेटनेस) मा आधारित मनोवैज्ञानिक आवश्यकताले मैथिली विद्यार्थीलाई नेपाली सिकाइमा अभिप्रेरित गरेको बुझिएको छ ।

विद्यार्थी ३ द्वारा '१२ वर्षको उमेरमा कक्षा ८ मा पढेको' कुरा बताइएको छ । उनले 'आफ्नो परिवारमा भएका आमाबुवा, दिदीबहिनीमध्ये बुवाले मात्र नेपाली भाषा बुझ्ने गरेको, बुवाबाहेक घरमा अरु सदस्यहरू सामान्य पनि पढेलेखेको नभएको' बताएका छन् । घरमा नेपाली भाषाको खासै वातावरण नभएकै कारण उनको मैथिली भाषामै कुराकानी गर्ने रुचि भएको पाइएको छ ।

उच्चारण र वाक्यगठनप्रतिको बुझाइ

विद्यार्थी १ द्वारा 'जन्मजातरूपमै नेपाली भाषाको सहज र स्वाभाविक वातावरण प्राप्त भएको, मैथिली भाषा घरभित्र हजुरबा हजुरआमाले बोल्ने गरेको हुँदा मातृभाषाको लवज, ध्वनि, वर्ण र शब्द नेपाली भाषामा मिसिएको' कुरा बताएका छन् । उनले यस सन्दर्भमा यस्तो धारणा राखेका छन्- *मैले मैथिली र नेपाली उस्तै बोलेको लागिहाल्छ । दुवै भाषा बोल्न सजिलो लागिहाल्छ । एउटा भाषाबाट अर्को भाषामा जाँदा त्यस्तो अप्ठ्यारो पनि महसुस नभएको छ । आफूलाई फरक भएजस्तो लागिरहेको छैन तर साथीहरू तेरो नेपाली भाषामा मैथिली लवज आउँछ भन्दछ ।*

सूचक शिक्षक १ ले मैथिली विद्यार्थीले अक्षरसङ्ख्या धेरै भएका नेपाली शब्दको उच्चारणमा त्रुटि भएको बताउँदै धेरै अक्षरसङ्ख्या भएका नेपाली शब्दोच्चारणमा विद्यार्थी अलमलिएको, गाह्रो मानेको प्रतिक्रिया दिएका छन् । मैथिली विद्यार्थीले नेपाली उच्चारणमा किन त्रुटि गर्दछन् भन्दा सूचक शिक्षक ३ द्वारा मातृभाषामा रहेको फरक ध्वनिव्यवस्थाका कारण त्रुटि भएको बताइएको छ । मैथिली भाषामा भएको ध्वनि व्यवस्थाका कारण नेपालीका 'य', 'व' ध्वनिहरू क्रमशः 'य' लाई 'ज' र 'व' लाई 'ओ' का रूपमा उच्चरित हुँदा त्रुटि भएको धारणा राखेका छन् । मैथिली विद्यार्थीको नेपाली भाषामा त्रुटि हुने अर्को कारण विद्यार्थीको अरुका अगाडि आफ्नो मनका प्रतिक्रिया व्यक्त गर्न लजाउने प्रवृत्ति भएको बताइएको छ ।

कोड मिश्रण तथा भाषिक विचलनको धारणा

सूचक शिक्षक १ द्वारा 'सम्पर्क भाषाका रूपमा मातृभाषाको प्रयोग, अन्तरभाषिक व्यवस्था' लाई त्रुटिको कारण मानिएको छ । यसलाई स्पष्ट पार्दै सूचक शिक्षक २ द्वारा '*मैथिली विद्यार्थीले लिङ्ग, वचन, पुरुष र आदरअनुसार वाक्यको क्रियापद प्रयोगमा सर्वत्र त्रुटि गरेको*' बताइएको छ । उनले मैथिली र नेपाली दुवै भाषाको भाषिक लिपि र चिह्नमा एकरूपता देखिए पनि उच्चारण र वाक्यगठनमा भाषिक विशिष्टता पाइएको तर्क गरेका छन् । यसले गर्दा भावबोध भई सम्प्रेषणको अवस्था आइहाल्ने नभएकाले नेपाली भाषाको प्रयोगमा सचेतनाको अभावका कारण त्रुटि भएको बताइएको छ ।

भाषा र सिकाइ रुचिप्रतिको बुझाइ

विद्यार्थी २ द्वारा '*मैथिली विद्यार्थीहरू आफ्नै समुदायका मिल्लाजुल्दा समान संस्कृति, परिवेश भएका विद्यार्थीसँग बस्न खेल्न रुचि राख्ने गरेको*' बताइएको छ । उनीहरूले आफ्नै भाषिक र सांस्कृतिक समुदायकै बालबालिकाको समूह बनाई बस्ने पढ्ने गरेको अनुभव बताएका छन् । यसरी डेसी र रायन (सन् २०१७) को स्वसङ्कल्पक सिद्धान्तमा सिकारुको व्यक्तिगत स्वतन्त्रता (अटोनोमी) मा आधारित सिकाइलाई जोड दिइने हुँदा सिकाइप्रति अभिप्रेरित गर्ने महत्त्वपूर्ण तत्त्व विद्यार्थीको रुचि भएको पाइएको छ ।

विद्यार्थी २ ले 'विद्यालयमा अत्यधिक सङ्ख्यामा नेपाली भाषी साथीहरू रहेको भए तापनि मैथिली विद्यार्थीसँगै खेल्ने हिड्ने गरेको' बताएका छन् । यसै सन्दर्भमा उनी भन्दछन् : '*मेरो साथी मसँग नेपाली भाषामा कुरा गर्छ । हामी विद्यालयमा दुईजना मात्र हुँदा कुनैकुनै बेला मैथिलीमा कुरा गर्छ । हामी फुर्सदमा हिन्दी गीत सुन्छ । नेपाली भाषामा रुचि नभए पनि अरुबेला नेपाली भाषामै कुराकानी गर्छ ।*' यसरी विद्यार्थी २ मा अन्य भाषाप्रतिको झुकाव भएको कारण नेपाली भाषाको प्रयोगमा त्रुटि भएको धारणा सूचक शिक्षक १ ले राखेका छन् । विद्यार्थी ३ ले नेपाली भाषाभन्दा हिन्दी भाषाको सिनेमा हेर्ने गीत बढी सुन्ने गरेकाले हिन्दी भाषा सजिलो लागेको प्रतिक्रिया दिएका छन् ।

अन्तरक्रिया र शिक्षणीय विधिप्रतिको बुझाइ

विद्यार्थी २ द्वारा *'गाउँघरमा हिँडडुल गर्दा, खादाबस्दा र खेल्दा मैथिली भाषी साथीहरू बनाई खेल्ने गरेको'* बताइएको छ । उनले विद्यालयमा नेपाली भाषी साथीसँग खेल्ने वातावरण सिर्जना नहुँदा नेपाली भाषा सिकाइमा त्रुटि भएको सुनाएका छन् । विद्यालयमा मैथिली र नेपाली दुवै भाषामा कुराकानी गर्ने गरेको कुरालाई यसरी बताएका छन्- *म मैथिली भाषी साथीहरूसँग मैथिली भाषामा नै कुराकानी गर्छु । शिक्षकहरू र अन्य भाषी साथीहरूसँग सकेसम्म नेपाली भाषाको प्रयोग गर्ने कोसिस गर्छु । मेरो लवजमा मैथिलीको प्रभाव परेको पाइन्छ ।*

विद्यार्थी ३ द्वारा *'घरमा कहिलेकाहीँ सरकारी कर्मचारी, स्वास्थ्यकर्मी आउँदा मात्र नेपाली भाषा बोलेको'* बताइएको छ । उनले 'नेपाली भाषाको प्रयोग नेपाली मातृभाषी सरकारी कर्मचारीले मात्र नेपालीमा गरेको, मैथिली मातृभाषा भएका सरकारी कर्मचारीले पनि मैथिली भाषामै कुरा गरेको' बताएका छन् ।

छलफल र प्राप्ति

मैथिली भाषी सिकारु लक्ष्य भाषा सिकाइप्रति स्वअभिप्रेरित नहुँदा सिकाइ प्रभावकारी नहुने पाइएको छ । भाषाको सिकाइ हुने आधार पहिलो र दोस्रो भाषाको अवस्था, भाषाप्रतिको रुचि र अभिप्रेरणा, मानसिक र बौद्धिक क्षमता, भाषिक वातावरण र समयलाई मानिएको छ (खत्री, सन् २०२४, पृ. १४७) । यसरी हेर्दा मैथिली भाषासँग सम्बन्धित शिक्षक र विद्यार्थीको धारणाात्मक विमर्शद्वारा स्वअभिप्रेरणात्मक प्रक्रियालाई परस्परमा अर्न्तसम्बन्धित मान्यताका आधारमा निम्नानुसार समेटिएको छ :

शिक्षणीय विधिको प्रभाव

भाषिक त्रुटिको कारण कक्षामा मैथिली र नेपाली दुवै मातृभाषी साथी समूहबिचमा अन्तरक्रियाको कमीलाई लिइएको छ । विद्यार्थीद्वारा साथीसमूहमा अन्तरक्रिया, सहपाठी सहयोग र कक्षा व्यवहारले भाषा सिकाइमा सकारात्मक प्रेरणा दिने (आचार्य, सन् २०२५, पृ. २०५-२१५) पाइएको छ । बहुल नेपाली मातृभाषी साथी भएको कक्षाका साथीमध्ये थोरै आफ्नै मातृभाषा बोल्ने साथी रहेछन् भने पनि उनीहरूसँगै बेग्लै साथी समूह निर्माण गरी रमाउने गरेको पाइयो (विद्यार्थी सूचक १, २, ३) । यसमा नेपाली भाषा पनि साथीसङ्गी तथा समूहगत छलफलद्वारा अन्तरक्रियात्मक अवस्थामा बढी स्वअभिप्रेरित भई सिकाइ हुन सक्ने अवस्था देखियो । यसैले डेसी र अन्य (सन् २०००) ले आन्तरिक अभिप्रेरणाका लागि अधिक सिकाइ स्वतन्त्रतामा जोड दिएको हुँदा (पृ. १२०) कोसीका विद्यार्थीहरूको कक्षामा साथी समूहगत छलफलले सिकाइलाई स्वतन्त्रता दिएको पाइयो । यसबाट भाषा सिकाइमा त्रुटि कम भई सिकाइप्रति अभिप्रेरणा प्राप्त भएको पाइएको छ ।

अन्य भाषाप्रतिको झुकाव र रुचि

विद्यार्थीद्वारा उच्चारण र वाक्यगठनमा बढी त्रुटि हुने कारण अन्य भाषाप्रतिको झुकाव र नेपाली भाषाप्रतिको अरुचिलाई लिइएको छ । मैथिली विद्यार्थीले फुर्सदमा हिन्दी भाषाका गीत सुन्ने, रेडियो टिभी हेर्ने गर्दा नेपालीभन्दा बढी रुचि हिन्दी भाषातर्फ गएको पाइएको छ । विद्यार्थीहरूले नेपालीभन्दा हिन्दी भाषामा नै बढी रुचि राख्ने गरेको बताएका छन् (विद्यार्थी ४ र ५) । यसरी अन्य भाषाप्रतिको झुकावका कारण नेपाली उच्चारण र वाक्यगठनमा त्रुटि देखिएको छ । एस्से (सन् २०१३) को अध्ययनमा सिकारुको मनोवृत्ति र अभिप्रेरणालाई भाषा सिकाइको कारक र टोनी (सन् २०१३) को अध्ययनमा बाह्य दवाबभन्दा

आन्तरिक अभिप्रेरणालाई सिकाइको आधार मानिएको छ । कोसीका विद्यार्थीको नेपाली भाषाप्रतिको त्रुटिको कारण हिन्दी भाषाप्रतिको रुचि भएको पाइएको छ ।

भाषिक वैशिष्ट्यता र सिकाइ

हरेक भाषाको सिकाइ हुँदा मातृभाषाको भाषिक विशिष्टतासँगै भएको पाइन्छ । सुनसरीका मैथिली विद्यार्थीको नेपाली शब्दोच्चारणको गति, यति मैथिली लवजअनुसार भएको पाइएको छ । ढुङ्गेल र दाहाल (२०६३) ले मातृभाषामा लक्ष्यभाषाका कुनै विशिष्ट ध्वनि अभाव हुँदा आफ्नै भाषाको निकटतम ध्वनिको प्रयोग गरेर अभाव पूरा गर्न सक्ने देखाएका छन् । विशेष गरेर नेवारी भाषीद्वारा 'त' वर्ण 'ट' का रूपमा उच्चरित भएको पाइन्छ (पृ. १२८-१२९) । मैथिलीमा देखिने भाषिक विशिष्टताले नेपाली सिकाइमा असर पुऱ्याएको पाइएको छ ।

कोड मिश्रण र विचलन

भाषिक त्रुटिका कारणमा कोड मिश्रण र भाषिक परिवर्तन हुने बहुभाषिक सामाजिक व्यवस्थालाई लिइएको छ । मैथिली भाषी विद्यार्थीको भाषा १ र भाषा २ का बिचमा कोड परिवर्तन र कोड मिश्रणको अवस्था पाइयो । आफ्ना विद्यालयका मिल्ने साथीहरूसँग आफ्नो आवश्यकताअनुसार दुवै भाषाको प्रयोग गरेको पाइयो (विद्यार्थी सूचक १, २, ३) । यसरी बहुभाषिक वातावरण निर्माण हुँदा ध्वनि परिवर्तन र व्याकरणात्मक परिवर्तन भई भाषिक एकाइ अन्तरघुलन (न्यौपाने, सन् २०२०, पृ. २१५-२९१) हुने हुँदा मैथिली विद्यार्थीले नेपाली वा मैथिली जुन भाषामा सम्पर्क गर्दा पनि एकआपसमा कोड परिवर्तन र कोड मिश्रणको अवस्था पाइएको छ । यसरी भाषा सिकाइमा कोडहरूका बिचमा समानता पाइएमा सिकाइप्रति विद्यार्थी अभिप्रेरित हुने बुझिएको छ ।

बाध्यात्मक सिकाइ र वातावरण

नेपाली भाषालाई कानुनी भाषिक व्यवस्था र सरकारी कामकाजको भाषा मानिएको हुँदा यसको सिकाइमा बाध्यात्मक अवस्था सिर्जना गरिएको छ । यसलाई कक्षा एकदेखि उच्चशिक्षासम्म अनिवार्य विषयकै रूपमा पठनपाठन हुँदै आएको भाषाका रूपमा बुझिएकाले सिकाइमा सामाजिक र मनोवैज्ञानिक दबाबले भाषिक त्रुटिमा असर (अधिकारी, सन् २०२३, पृ. १७५) पारेको पाइएको छ । भाषा सिकाइमा स्वसङकल्प सिद्धान्तले सिकारुको आवश्यकतासँग सकारात्मक सम्बन्ध स्थापित गर्दै सिकारु स्वअभिप्रेरित हुन्छ भन्ने मान्यता राखेको पाइएको छ ।

विद्यालयभित्र साथीभाइहरूसँग घुमफिर, अन्तरक्रिया, हाँसखेल गर्दाको अवस्थामा नेपाली भाषामै बोल्नु पर्ने बाध्यात्मक अवस्था हुँदा नेपाली सिकाइप्रति दबाब सिर्जना भएको धारणा राखेका छन् । यसरी हेर्दा विद्यालयीय भाषिक वातावरणले नेपाली भाषा सिकाइलाई सहज बनाएको पाइन्छ । डेसी र रायन (सन् २०१७) द्वारा स्वाभाविक सम्बन्धले भाषा सिकाइमा सकारात्मक प्रभाव पारेको (पृ. १२) पाइएको छ । यसरी हेर्दा मैथिली विद्यार्थीमा स्वाभाविक किसिमको वातावरणीय दबाबले सिकाइमा स्वअभिप्रेरणा ल्याउने प्रस्ट बुझिएको छ । यसका लागि घरपरिवार, विद्यालय र साथीसँग नेपाली भाषामा हुने अन्तरक्रियाले प्रभाव पार्ने पाइएको छ ।

निष्कर्ष

मैथिली विद्यार्थीको स्वसिकाइका लागि अन्तरक्रियाको अभाव, नेपालीबाहेक अन्य भाषाप्रतिको झुकाव, भाषिक वैशिष्ट्यतागत त्रुटि, भाषा प्रयोगमा परस्पर कोड परिवर्तन र मिश्रणको अवस्थालाई बताइएको छ । यसरी कोसीका मैथिली विद्यार्थीको भाषा सिकाइप्रति स्वअभिप्रेरित गर्न अभिरुचि, अभिवृत्ति र पुनर्बलसहितको अभ्यास आवश्यक भएको पाइएको छ । सुनसरीमा कोसीका मैथिली विद्यार्थीद्वारा व्यक्त धारणामा शिक्षणीय अन्तरक्रिया, वैयक्तिक रुचि, कानुनी बाध्यताले सिकाइलाई अभिप्रेरित गर्ने गरेको निष्कर्ष निकालिएको छ । यसमा विद्यार्थीको आत्मविश्वास र दृढइच्छालाई सिकाइप्रतिको अभिप्रेरणात्मक कारक मानिएको छ । यसैले संज्ञानात्मक तथा मनोवैज्ञानिक आधारलाई सिकाइप्रतिको महत्त्वपूर्ण अभिप्रेरणात्मक शक्ति मानिएकाले स्वतन्त्रता (अटोनोमी), सामर्थ्य (कम्पिटेन्सी) र सिकाइ सम्बन्ध (रिलेटनेस) ले नेपाली सिकाइलाई अभिप्रेरणा प्रदान गरेको पाइएको छ । यसरी अभिप्रेरणाले मैथिली विद्यार्थीहरू नेपाली सिकाइप्रति स्वअभिप्रेरित हुने हुँदा सिकाइ प्रक्रियाका लागि यो आवश्यक भएको पाइएको छ ।

सन्दर्भ सूची

अधिकारी, रामकुमार (२०७८), *भाषा विज्ञान र नेपाली भाषा,* जुपिटर पब्लिकेसन ।

अधिकारी, हेमाङ्गराज (२०६२), *समसामयिक नेपाली व्याकरण,* कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, लक्ष्मीप्रसाद(२०२५), नेपाली भाषा सिकाइमा शिक्षक विद्यार्थीका कक्षा व्यवहार, *जर्नल अफ रिसर्च इन एजुकेशन।* https://doi.org/10.3126/jore.v1i1.78744

खत्री, प्रकाश (सन् २०२४), खस मातृभाषी विद्यार्थीले भाषा सिकाइमा गरेका त्रुटि, *एएमसी जर्नल* । https://doi.org/10.3126/amcj.v5i1.75974

नेपाल सरकार (२०७२), *नेपालको संविधान, २०७२,* कानुन किताब व्यवस्थापन समिति ।

नेपाल सरकार (२०७५), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* भाषा आयोग ।

न्यौपाने, दीपकप्रसाद (२०२०), भाषिक परिवर्तन र नेपाली भाषा,*दृष्टिकोण,* नेपाल अनलाइन जर्नल ।

न्यौपाने, दीपकप्रपाद(२०२०), भाषिक परिवर्तन र नेपाली भाषा, *मल्टिडिसिपिनरी जर्नल,* म्इक्ष्स https://doi.org/10.3126/dristikon.v10i1.34581

पौडेल, सुरज (२०८०), *नेपाली भाषा सिकाइप्रति विद्यार्थीको अभिप्रेरणा*् अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धे, नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय, ललितपुर ।

पौडेल, सुरज (सन् २०२४), कक्षा एघारका विद्यार्थीको नेपाली भाषा सिकाइप्रति अभिप्रेरणा, *पृथ्वी जर्नल अफ रिसर्च एन्ड इन्नोमेसन,* पृथ्वी क्याम्पस पोखरा, पृ.११६-१२४) । https://doi.org/10.3126/pjri.v4i1.50164

अधिकारी, भारती (सन् २०२३), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण, एजुकेशनल जर्नल* । https://doi.org/10.3126/ej.v2i2.61900

यादव, सूर्यप्रसाद (२०८०), *मैथिली भाषाको समकालीन अवस्था,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *शिक्षाका आधारहरू,* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्स ।

Deci, E. L. & Ryan, R. M. (1985). *Intrinsic motivation and self determination in human behaviour*. plenum. https://books.google.com.np/books?id=_UtBgAAQBAJ&pg=PR9&source=gbs_selected_pages&cad=1#v=onepage&q&f=false

Deci, E. L. & Ryan, R. M. (2017). *Self determination theory: Basic psychological needs in motivation, development and wellness.* Guilford publication. https://www.researchgate.net/publication/321350169_Ryan_R_M_et_Deci_E_L_2017_Self-determination_theory_

Deci, E. L. (1975). Intrinsic motivation. Plenum Press.

Ellis, R. (1994). *The study of second language Acquisition.* Oxford University press and sons, Inc.

Lourens, P. F. (.(1990 Theoretical perspectives on error analysis and traffic behaviours ergonomics.

Pronoses/ प्रोनोसेस (2021). Research paradym: philosophy of research. https://www.youtube.com/watch

~O~